काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश
५५औं नगर कार्यपालिका बैठकका निर्णयका संक्षिप्त विवरण
मिति: २०८३।४।१९

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| १. | प्रशासन विभाग | करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा। | काठमाडौं महानगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको साविकमा खाईपाई आएको सुविधामा नघटने गरी मिति २०८३ पौष मसान्तसम्म करार सम्झौता नविकरण गर्ने। |
| २. | महानगर प्रहरी बल | नगर प्रहरी कर्मचारीलाई कायम मुकायम मुकरर गर्ने सम्बन्धमा | नगर प्रहरी नायब उपरीक्षक (अधिकृतस्तर आठौं)को रिक्त रहेको १ दरबन्दी तथा नगर प्रहरी उपरीक्षक (अधिकृतस्तर नवौं) को रिक्त रहेको २ दरबन्दीमा प्रस्तावमा उल्लेख भए बमोजिम कायम मुकायम मुकरर गरी जिम्मेवारी तोक्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिइएको। |
| ३. | प्रशासन विभाग | शहरी योजना आयोगको सदस्य पदमा गरिएको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा | काठमाडौं महानगरपालिका सहरी योजना आयोग (गठन तथा सञ्चालन कार्यविधि) ऐन, २०७५ को दफा ३ को उपदफा (२) को खण्ड (ङ) बमोजिम नगर प्रमुखबाट मिति २०८३/०२/२५ गते नियुक्त गरिएका देहायका सदस्यहरूलाई सोही ऐनको दफा ३ को उपदफा (५) बमोजिम अनुमोदन गर्ने:<br>१. श्री बावुराम भट्टराई २. डा. श्री सुरज राज काफ्ले ३. श्री सरस्वती मानन्धर,<br>४. श्री प्रसुन रत्न बज्राचार्य, ५. श्री सुरज डंगोल, ६. श्री पुरुषोत्तम महत ७. श्री दामोदर गिरी, |
| ४. | प्रशासन विभाग | भूमि समस्या समाधान समितिबाट प्रेषित पत्र सम्बन्धमा। | नेपाल सरकार भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य मन्त्रालय, भूमि समस्या समाधान समितिसँग आवश्यक समन्वय गरी महानगरपालिका क्षेत्रभित्रका स्थायी भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन, पहिचान र प्रमाणीकरणको कार्य अगाडी बढाउने र सोका लागि उक्त समितिलाई सूचना प्रकाशन लगायत आवश्यक प्रक्रिया अगाडी बढाउन अनुरोध गर्ने साथै सुरु नापीमा तयार भएका फिल्डबुकमा स्ववासी र बेनिस्सा जनिएका जग्गा दर्ताको सम्बन्धमा समेत शघ्रि प्रक्रिया अगाडी बढाउन अनुरोध गर्ने। |
| ५. | प्रशासन विभाग | कार्यालय सहयोगी दशमी महर्जन र कविता पोडेलाई औषधोपचारको लागि थप आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा। | औषधोपचारमा खर्च भएको बिल बमोजिम कार्यालय सहयोगी दशमी महर्जनलाई बढीमा ५ लाख रुपैया र कविता पोडेलाई बढीमा ३ लाख ६१ हजार २ सय २८ रुपैया थप आर्थिक सहायता उपलब्ध गराउने |
| ६. | प्रशासन विभाग | भेरियसन स्वीकृत गर्ने सम्बन्धमा। | Reconstruction of Dharma Chakra Mahabihar, Ta Nani KMC-12 आयोजनाको सुरु ठेक्का सम्झौता रकम रु. ४०,७१,६३९.९० बाट रु. १६,८१,०८२.३६ (४१.२९ प्रतिशत) घटी भई कायम हुन आएको संशोधित ठेक्का रकम रु. २३,९०,५५७.५४ (भ्याट तथा पिएस सहित) को घटी भेरिएसन काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ (पहिलो संशोधन २०८०) को नियम ४६ (घ) बमोजिम स्वीकृत गर्ने। |
| ७. | सम्पदा तथा पर्यटन विभाग | काठमाडौं फिल्म फेस्टिबलको कार्ययोजना तथा अनुमानित खर्च विवरण स्वीकृत गर्ने सम्बन्धमा। | प्रस्तावित कार्ययोजना तथा अनुमानित खर्च स्वीकृत गर्ने। |

| क्रस | विभाग | प्रस्ताव | निर्णय |
|---|---|---|---|
| ८. | सामाजिक विकास विभाग | बालकल्याण अधिकारी तोक्ने सम्बन्धमा । | बालबालिका सम्बन्धी ऐन, २०७५ को परिच्छेद ६ र बालबालिका सम्बन्धी नियमावली २०७८ को परिच्छेद १० मा प्रत्येक स्थानीय तहमा एक जना बालकल्याण अधिकारी रहने व्यवस्था बमोजिम काठमाडौं महानगरपालिका सामाजिक विकास विभाग अन्तर्गत रही बाल कल्याण अधिकारीले गर्नुपर्ने कार्य गर्न सामाजिक विकास विभागका महिला बालबालिका महाशाखा प्रमुखलाई बालकल्याण अधिकारी तोक्ने। |
| ९. | वातावरण व्यवस्थापन विभाग | आर्थिक वर्ष २०८३।८४ को लागि प्राविधिक समितिमा रहने विषय विज्ञहरुको सूची (Roster) नामावली स्वीकृत | काठमाडौं महानगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ को दफा १४ (१) बमोजिम गठन हुने प्राविधिक समितिको खण्ड (ख) को आयोजना तथा कार्यक्रमसँग सम्बन्धित क्षेत्रको विषय विज्ञमा सार्वजनिक सूचना प्रकाशन भएपश्चात प्राप्त हुन आएका देहाय बमोजिमको योग्य आवेदकहरुलाई समावेश गर्ने:<br>(क) रमेश ज्ञवाली स्ट्रक्चर इन्जिनियरिङ<br>(ख) प्रदिप पोखरेल आर्किटेक्ट<br>(ग) रविन्द्र शाह स्ट्रक्चर इन्जिनियरिङ |
| १०. | स्वास्थ्य विभाग | बाइक एम्बुलेन्स सेवा सञ्चालन | काठमाडौं महानगरपालिकाबाट बाईक एम्बुलेन्स सञ्चालन गर्न खरिद भएको दुई थान मोटरसाइकल नेपाल एम्बुलेन्स सेवालाई हस्तान्त्रण गर्ने र चालु आर्थिक वर्षमा स्वीकृत स्वास्थ्य विभाग अन्तर्गतको "बाईक एम्बुलेन्स सञ्चालन गर्न" शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी नेपाल एम्बुलेन्स सेवासँग आवश्यक सर्त उल्लेख गरी सम्झौता गर्ने। |
| ११. | स्वास्थ्य विभाग | त्रिवि लायन्स रक्त सञ्चार तथा अनुसन्धान केन्द्रसँग सहकार्य गर्ने सम्बन्धमा । | त्रिभुवन विश्वविद्यालय लायन्स रक्तसञ्चार तथा अनुसन्धान केन्द्रमा रगत संकलन गरी जम्मा गर्ने संस्थालाई चालु आ.व. को स्वीकृत कार्यक्रम शिर्षक "रक्तदातामा आधारित अनुदान" कार्यक्रमबाट प्रति रक्तदाता रु.२०० (अक्षरुपी दुई सय रुपैया मात्र) का दरले अनुदान दिने र महानगरबासीलाई रगत र रगत परीक्षण निःशूल्क उपलब्ध गराए बापत चालु आर्थिक वर्षमा स्वीकृत "महानगरवासीहरुलाई निःशुल्क रगत तथा रक्त तत्वको लागि अनुदान" शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी आवश्यक शर्त उल्लेख गरी सम्झौता गर्ने। |
| | विविध | (क) काठमाडौं महानगरपालिका वडा नं. ११ त्रिपुरेश्वरस्थित राहदानी विभाग अगाडिको सडकमा आत्मदाहको प्रयास गरी मिति २०८३।३।२६ मा उपचारको क्रममा निधन भएका गणेश नेपालीको नजिकको हकदारलाई मानवीय सहयोग वापत एकमुष्ट १० लाख रुपैयाँ उपलब्ध गराउने।<br>(ख) बेसहारा, अशक्त, असहाय, अभिभावकविहिन, सहयोगापेक्षी सडक आश्रित मानवमुक्त काठमाडौं महानगर घोषणा तथा घोषणापश्चात् प्रभावकारी कार्यान्वयनका लागि काठमाडौं महानगरपालिका, नेपाल प्रहरी जिल्ला प्रशासन कार्यालय, काठमाडौं र मानव सेवा आश्रमविच मिति २०८३।२।२५ मा भएको प्रतिबद्धता बमोजिम वडाक्षेत्रभित्र त्यस्ता बेसहारा, अशक्त, असहाय, अभिभावकविहिन, सहयोगापेक्षी सडक आश्रित व्यक्तिहरु भेटिएमा तत्काल नेपाल प्रहरी, तथा मानव सेवा आश्रमसँग सम्पर्क तथा समन्वय गरी उद्दार/उपचार तथा मानवीय व्यवस्थापनमा तत्तत् वडा समितिका कुनै एक सदस्यलाई फोकल पर्सन तोकी थप प्रभावकारी रुपमा कार्य सम्पादन गरी काठमाडौं महानगरपालिकाले घोषणा गरेको मावनीयताको शहरको परिकल्पनालाई सफल र समृद्ध बनाउने । साथै स्थानीय तह मानव अधिकार समन्वय समितिको गठन गरी कार्यान्वयन गर्ने र अन्तर्राष्ट्रिय रुपमा काठमाडौं महानगरपालिकालाई मानवीयताको शहरको रुपमा स्थापित गर्न UNHRC, World Human Rights Cities Forum समेतमा आबद्ध तथा सहकार्य गरी मानवीयताको सहरको घोषणा कार्यान्वयनलाई थप प्रभावकारी बनाउने ।<br>(ग) काठमाडौं महानगरपालिका वडा नं. २१ निवासी श्री रत्नमाया महर्जनलाई काठमाडौं महानगरपालिका विकास सहायता कार्यविधि, २०७९ को दफा १३, १४ र १५ अनुसार बिल बमोजिम रु. ३ लाख ७१ हजार रुपैया उपचार सहायता उपलब्ध गराउने । | |

<table>
<tr><th>क्रस</th><th>विभाग</th><th>प्रस्ताव</th><th>निर्णय</th></tr>
<tr><td></td><td></td><td colspan="2">(घ) काठमाडौँ महानगरपालिका क्षेत्रभित्रका जग्गाहरुको भू उपयोग वर्गीकरण सम्बन्धमा देहाय बमोजिम गर्ने:<br>१. मिति २०८२।५।१५ मा बसेको काठमाडौँ महानगरपालिका भू उपयोग परिषद्‌बाट भएको निर्णय यथाशिघ्र कार्यान्वयन गर्ने। आन्तरिक तथा बाह्य निकायसँगको समन्वय र सहकार्यमा चालु आर्थिक वर्षको मध्यावधिसम्म भू उपयोग क्षेत्र वर्गीकरण कार्ययोजना बनाई कार्यान्वयन गर्न प्रशासन विभागलाई निर्देशन दिने।<br>२. काठमाडौँ महानगरपालिका क्षेत्रभित्रको भू उपयोग क्षेत्र वर्गीकरण सम्पन्न नभएसम्मका लागि महानगरवासीलाई पर्न जाने असुविधा समेतलाई मध्यनजर गरी कानुन बमोजिम गर्न मिल्ने कित्ताकाट सम्बन्धी कार्य खुला गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने।<br>(ङ) काठमाडौँ महानगरपालिका क्षेत्रभित्र ८ फिट वा सो भन्दा कम मोहडा भएका जग्गामा भवन निर्माण गर्ने उपयुक्त मापदण्ड तथा विधि सम्बन्धी विषयमा गहन अध्ययन गरी उपयुक्त सिफारिस सहितको प्रतिवेदन कार्यपालिकामा पेश गर्नको लागि देहाय बमोजिमको समिति गठन गर्ने:<br>(क) श्री सुमन नरसिंह राजभण्डारी — उपाध्यक्ष,सहरी योजना आयोग — -संयोजक<br>(ख) श्री हिरालाल तण्डुकार — संयोजक, भवन व्यवस्था समिति — -सदस्य<br>(ग) श्री नवराज पराजुली — संयोजक, राजश्व समिति — -सदस्य<br>(घ) श्री मचाराजा महर्जन — संयोजक, विधायन समिति — -सदस्य<br>(ङ) श्री नवराज थापा — निर्देशक — -सदस्य सचिव<br>उक्त समितिमा आवश्यकता अनुसार विज्ञ, प्राविधिक तथा अन्य कर्मचारी समेत आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ। समितिले बैठक सम्बन्धी कार्यविधि आफै तय गर्न सक्नेछ।</td></tr>
</table>